पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्या :-

चलानी नं. :-

प्राप्त पत्र संख्या र मिति :-

## सामुदायिक वन दिवस, २०७८ को विज्ञप्ति

वन तथा वातावरण मन्त्रालयले प्रत्येक वर्ष श्रावण २५ गतेलाई सामुदायिक वन राष्ट्रिय दिवसको रुपमा मनाउने निर्णय गरे अनुरुप नेपालभर वन संरक्षण सम्बन्धी विविध कार्यक्रम गरी हरेक वर्ष सामुदायिक वन दिवस मनाउदै आइएको छ। वन उपभोक्ता समुहले सामुदायिक हितका लागि वनको संरक्षण, विकास र व्यवस्थापन गरी प्रकृतिको संरक्षणका साथै राष्ट्रिय समृद्धिमा योगदान गरिरहेको सन्दर्भमा यस वर्ष **"सामुदायिक वनको सम्पत्तिः समृद्धि, प्रकृति र संस्कृति"** भन्ने नारा तय गरिएको छ।

स्थानीय समुदायको सहभागितामा राष्ट्रिय वनको व्यवस्थापन गर्ने नेपाल सरकारको नीति अनुरुप करिव चार दशक अगाडी शुरु भएको सामुदायिक वन विकास कार्यक्रम नेपालको वन क्षेत्रको एक महत्वपूर्ण कार्यक्रम हो। नेपालमा हाल मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रमा समेत गरी करिव २३ हजार ५ सय सामुदायिक वन उपभोक्ता समुहहरुले करिव २६ लाख हेक्टर राष्ट्रिय वनको संरक्षण, व्यवस्थापन र उपयोग गरिरहेका छन् जसबाट करिव ३३ लाख घरधुरीहरु लाभान्वित भएका छन्।

नेपालले सामुदायिक वन व्यवस्थापनबाट प्राप्त गरेका सफलता विश्वमा नै उदाहरणीय मानिएको छ। सामुदायिक वन लगायत समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमले नेपालमा हरियाली वृद्धि गर्न, वनको हैसियतमा सुधार ल्याउन, जैविक विविधता संरक्षणमा योगदान गर्न र जलाधार संरक्षण गर्न सहयोग गरेको छ। साथै यस कार्यक्रमबाट स्थानीय समुदायको जीविकोपार्जन सुधार, स्थानीय सामुदायिक विकास, नेतृत्व विकास तथा लैंगिक र सामाजिक समावेशीकरणमा उल्लेखनीय योगदान पुगेको छ। यो उपलब्धि र सफलता हामी सबैको सामुहिक प्रयासबाट मात्र सम्भव भएको हो। यसमा प्रत्यक्ष योगदान गर्नु हुने वन उपभोक्ता समुह र राष्ट्रसेवक कर्मचारी साथै विभिन्न रुपमा सहयोग गर्नु हुने संघ संस्था र व्यक्तिहरु लगायत सम्बन्धित सबैलाई धन्यवाद र हार्दिक बधाई छ।

सामुदायिक वनको व्यवस्थापनबाट स्थानीय समुदायको वन पैदावारको आवस्यकता पुरा गरी जीविकोपार्जन सुधार साथै उत्पादनमुखी वन व्यवस्थापन र उद्धमशीलताको विकास गरी रोजगारी सिर्जना र राष्ट्रिय समृद्धिमा योगदान पुर्याउने अवसर रहेको छ। विगत चार दशक भन्दा लामो समयको उपलब्धि, अनुभव र सिकाईको आधारमा सामुदायिक वन लगायत सबै वन व्यवस्थापन पद्धतिहरुलाई आर्थिक, सामाजिक र पर्यावरणीय दृष्टिले सबल बनाई वनश्रोतको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वनजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गरी प्राप्त लाभको न्यायोचित वितरण गर्दै दिगो विकास लक्ष्य हासिल गर्न, जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन, जैविक विविधता संरक्षण, वातावरणीय सन्तुलन कायम गर्न र सुशासन प्रवर्द्धन गर्ने दिशामा तिनै तहका सरकारका साथै गैरसरकारी क्षेत्र, निजि क्षेत्र र विकास साझेदार लगायतका सरोकारवालाहरुको आगामी दिनमा समेत निरन्तर सहयोग, समन्वय र सहकार्य हुने मन्त्रालयले अपेक्षा राखेको छ।

२०७८/०४/२५

२०७८ श्रावण २५

(डा. बुद्धिसागर पौडेल)
प्रवक्ता

फोन नं.:-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.:- ४२११८६८